# प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका-२०६८

नेपाल सरकार
**वातावरण मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोनः ४२११६४१, ४२११५८६, ४२११७३७
४२११८६९, ४२१११९९६, ४२११६६१
फ्याक्सः ४२११९५४
इमेलः info@moenv.gov.np, वेब साईटः www.moenv.gov.np

वातावरण संरक्षण ऐन, २०५३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका-२०६८ रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-
(क) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ सम्झनुपर्छ ।
(ख) "नियम" भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ सम्झनुपर्छ ।
(ग) "प्लाष्टिक झोला" भन्नाले कुनैपनि आकारमा उपलब्ध हुने तथा अनूसूची १ मा उल्लेख गरिएका कच्चा पदार्थ मध्येबाट बनेका र अनूसूची २ मा उल्लेख गरिएका चारित्रिक गुणहरु भएको ग्रयानुल्स प्रयोग गरी उत्पादन गरिएको पोलिथिन प्लाष्टिक झोला सम्झनुपर्छ ।
(घ) "मन्त्रालय" भन्नाले वातावरण मन्त्रालय सम्झनुपर्छ ।
(ङ) "समिति" भन्नाले दफा १२ बमोजिमको केन्द्रीय अनुगमन समिति तथा दफा १४ बमोजिमको जिल्ला अनुगमन समिति सम्झनुपर्छ ।
(च) "उत्पादक" भन्नाले प्लाष्टिक झोला उत्पादक सम्झनुपर्छ ।
(छ) "निरीक्षक" भन्नाले वातावरण मन्त्रालय, केन्द्रीय अनुगमन समिति तथा जिल्ला अनुगमन समितिले तोकेको निरीक्षक सम्झनुपर्छ ।
(ज) "५-आर" भन्नाले अनूसूची ३ मा दिइएका पाँच ओटा अवस्थालाई सम्झनु पर्दछ ।
(झ) "एक माइक्रोन" भन्नाले एक मिटरको दश लाख भाग मध्येको एक भागलाई सम्झनुपर्छ ।

३. **प्लाष्टिक झोला उत्पादन सम्बन्धमा** : (१) यो निर्देशिका प्रारम्भ भएपछि कुनैपनि फर्म, कम्पनी वा व्यक्तिले २० माइक्रोन भन्दा कम मोटाइका प्लाष्टिक झोला उत्पादन गर्न पाउने छैन ।

(२) यो निर्देशिका प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उत्पादन गरी मौज्दातमा रहेका प्लाष्टिक झोला यो निर्देशिका प्रारम्भ भएका मितिले तीन महिना भित्र खपत वा उचित व्यवस्थापन गरी सो को जानकारी जिल्ला अनुगमन समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) को अवधि भित्र खपत वा उचित व्यवस्थापन नगरी मौज्दात रहन गएको २० माइक्रोन भन्दा कम मोटाइको प्लाष्टिक झोला जिल्ला अनुगमन समितिले उचित तरिकाबाट विसर्जन गर्नेछ ।

४. **प्लाष्टिक झोला आयात, भण्डारण, विक्री वितरण तथा प्रयोगमा प्रतिबन्ध** : यो निर्देशिका प्रारम्भ भएपछि २० माइक्रोन भन्दा कम मोटाइको प्लाष्टिक झोलाको आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्न समेत पाइने छैन ।

५. **प्लाष्टिक झोलाको साइज र मोटाइ (Micron) :-** प्लाष्टिक झोलाको साइज र मोटाइ अनूसूची ४ मा तोकिए बमोजिम हुनेछ.

६. **प्लाष्टिक झोलामा विवरण खुलाउनुपर्ने :** (१) प्लाष्टिक झोला उत्पादक, आयातकर्ता, भण्डारणकर्ता तथा विक्रेताले आफुले उत्पादन गर्ने, आयात गर्ने, भण्डारण गर्ने तथा बिक्रि गर्ने प्लाष्टिक झोलामा अन्य कुराका अतिरिक्त प्रत्येक झोलाको बाहिरी भागमा नमेटिने खालको मसी (Permanent Ink) प्रयोग गरी देहायका विवरणहरु उल्लेख गरेको हुनुपर्नेछ :

(क) उत्पादकको नाम, ठेगाना ।

(ख) पुनः प्रशोधन (Recycling) को लोगो /चित्र (Pictorial depiction) अनूसूची ५ बमोजिम हुनु पर्नेछ ।

(ग) प्लाष्टिक झोलाको मोटाइ (माइक्रोन) को विवरण ।

(घ) भर्जिन ग्रयानुल्सबाट बनेको व्यहोरा (कालो झोला बाहेक)

(ङ) छपाइको न्यूनतम साइज २४-२६ फन्टको हुनुको साथै स्पष्ट रुपमा छापिएको हुनु पर्छ (प्रिति फन्ट वा सो सरह) ।

(च) प्लाष्टिक झोलाको साइज ।

(छ) समय-समयमा मन्त्रालयले तोकिदिएका अन्य कुराहरु ।

(२) उपदफा (१) बमोजिमको विवरण खुलाउँदा प्लाष्टिक झोला उत्पादकले आफ्नो उत्पादनलाई देहाय बमोजिमको रङ्गको आधारमा अनिवार्य रुपमा वर्गीकरण गरी त्यस्तो झोला कस्तो-कस्तो काममा प्रयोग हुने हो, झोलामा उल्लेख गरेको हुनुपर्नेछ :-

(क) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तु प्रयोगको लागि प्राकृतिक (Natural) तथा दुधिलो सेतो रङ्ग (Milky White) ।

(ख) फोहरजन्य वस्तुको लागि कालो रङ्गका साथै फोहोरमैला ओसार पोसार गर्नका लागि तोकिएको गुणस्तर तथा रंगको न्यूनतम सुपर जम्बो साइजको प्लाष्टिक झोला ।

(ग) खण्ड (क) र (ख) मा उल्लेख भए बाहेकको रङ्गका प्लाष्टिकलाई अखाद्य पदार्थ ओसार पसारको लागि प्रयोग गर्न सकिनेछ ।

७. **<u>उत्पादकको दायित्व</u>** : (१) यस निर्देशिकाको प्रयोजनको लागि प्रत्येक उत्पादकको कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) आफुले उत्पादन गरेको प्लाष्टिक झोलामा उत्पादन गर्ने कम्पनी वा उद्योगको नाम उल्लेख गर्नुपर्नेछ ।

(ख) आफ्नो उद्योग आसपासको क्षेत्र सफा र स्वच्छ राख्नुपर्नेछ ।

(ग) प्रत्येक उत्पादकसंग प्लाष्टिक झोलाको साइज तथा मोटाइ मापक क्यालिब्रेटेड उपकरण रहेको हुनुपर्नेछ ।

(घ) उत्पादनको संख्या, साइज र ब्याच नं. को अभिलेख राख्नुपर्नेछ ।

(ङ) साइजको आधारमा प्रत्येक ब्याचमा लिइएको मोटाइको अभिलेख राख्नुपर्नेछ ।

(च) प्लाष्टिक झोला उत्पादन गर्दा उत्सर्जन भएको फोहरजन्य पदार्थको अभिलेख राख्नुपर्नेछ ।

(छ) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तु प्रयोगको लागि खाद्य स्तरको भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin food grade Plastic Granules) मात्र प्रयोग गर्ने र अन्य अखाद्य पदार्थ ओसार पसारको लागि भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin Plastic Granules) प्रयोग गर्ने । प्लाष्टिक झोलाहरुको उत्पादन गर्नका लागि चाहिने ग्रयानुल्सको गुणस्तर अनुसूची २ मा उल्लेख भए अनुसार हुनुपर्नेछ र सोको लागि उत्पादनकर्ता/आपूर्तिकर्ताबाट प्राप्त भएको स्पेसिफिकेसन/ डाटाशीट पेश गर्नुपर्नेछ ।

(ज) निरीक्षकलाई निरीक्षण कार्यमा सघाउन आवश्यक औजार (Micrometre/Vernier Calliper) उपलब्ध गराउनुपर्नेछ ।

(झ) उद्योगले निरीक्षकले माग गरे अनुरुप आवश्यक सम्पूर्ण रेकर्ड उपलब्ध गराउनु पर्नेछ, जसमध्ये निम्न रेकर्डहरु अनिवार्य हुनेछन् :

(१) कच्चा पदार्थको गुणस्तरका सम्बन्धमा कच्चा पदार्थ उत्पादकले प्रदान गरेको प्रमाणपत्र ।

(२) उत्पादनको विवरणः उत्पादन अभिलेख, फोहरमैला अभिलेख र पुनःप्रयोगको अभिलेख ।

८. **<u>प्लाष्टिक झोला आयातकर्ताको दायित्व</u>** : (१) यो निर्देशिका प्रारम्भ भएपछि प्लाष्टिक झोला आयात गर्ने आयातकर्ताले बीस माइक्रोन भन्दा कम मोटाइ भएको प्लाष्टिक झोला आयात गर्न पाउनेछैन ।

(२) आयातित झोलाको संख्या, साइज लगायत बिक्री परिमाण तथा क्रेताको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

(३) प्लाष्टिक झोलाको रङ्ग, गुण तथा साइजका सम्बन्धमा यस निर्देशिकामा उल्लेख भए अनुसारको झोलाको मात्र कारोबार गर्ने र सो को पुस्टयाईं गर्ने कागजात जिल्ला अनुगमन समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) जिल्ला अनुगमन समिति वा सो समितिले तोकेको निरीक्षकलाई आवश्यक औजार (Micrometre, Vernier Calliper) निरीक्षण कार्यमा सघाउ पुऱ्याउन उपलब्ध गराउनुपर्नेछ ।

(५) दफा ५ र ६ बमोजिमका प्लाष्टिकका झोलाहरु मात्र आयात गर्न पाइनेछ ।

९. **<u>प्लाष्टिक झोला बिक्रेताको दायित्व</u> :** प्रत्येक प्लाष्टिक झोला बिक्रेताको दायित्व देहायबमोजिम हुनेछ :

(क) यस निर्देशिकामा उल्लेख भए बमोजिमको गुणस्तरको झोला मात्र बिक्री गर्ने तथा झोलामा अन्य वस्तु राखी बिक्री गर्दा प्रयोग गर्ने ।

(ख) यस निर्देशिकामा तोकिएको मापदण्ड नपुगेका अन्य प्रकारका झोला विक्रीका लागि आएमा जिल्ला अनुगमन समितिलाई तुरुन्त जानकारी गराउने ।

(ग) दफा ६ को उपदफा (२) बमोजिम छुट्याएका रङ्ग अनुसार प्रयोग गर्ने र उपभोक्तालाई जानकारी गराउने ।

(घ) आफ्नो व्यापारिक क्षेत्रभित्र फ्याँकेका सबै प्लाष्टिक झोलाहरु संकलन गरी प्लाष्टिक आयातकर्तालाई बुझाउने ।

(ङ) फोहरजन्य पदार्थ प्रयोगको लागि कालो रङ्गको झोला मात्र प्रयोग गरी सोको जानकारी उपभोक्तालाई गराउने ।

(च) प्रयोग गर्न मिलेसम्म एउटै प्लाष्टिकको झोला पटक-पटक प्रयोग गर्ने/गराउने ।

१०. **<u>प्लाष्टिक झोला प्रयोगकर्ताको दायित्व</u>** : प्लाष्टिक झोला प्रयोगकर्ताको दायित्व देहायबमोजिम हुनेछ :-

(क) सकेसम्म प्लाष्टिक झोला कम प्रयोग गर्ने र प्रयोगमा नआउने प्लाष्टिक झोला उपयुक्त ढंगले बिसर्जन गर्ने ।

(ख) घर तथा अन्य क्रियाकलापबाट निस्कने फोहोरमैला राख्न निर्देशित ठाउँमा फ्याँक्न कालो रङ्गको झोला मात्र प्रयोग गर्ने ।

(ग) अनावश्यक तवरले प्लाष्टिक झोलाको माग तथा प्रयोग नगर्ने ।

(घ) प्रयोग गर्न मिल्ने भएसम्म एउटै प्लाष्टिक झोला बारम्बार प्रयोग गर्ने ।

(ङ) प्रयोगमा नआउने प्लाष्टिक झोलालाई संकलन गरी सफा गरी उपयुक्त ढङ्गले विसर्जन गर्ने ।

**११. मन्त्रालयको दायित्व** : प्लाष्टिक झोलाको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि मन्त्रालयले देहायका कार्य गर्ने वा गराउनेछ :-

(क) प्लाष्टिक झोलाको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने ।

(ख) प्लाष्टिक झोलालाई पुन : प्रयोग गर्दै जान उत्प्रेरणा जगाउने ।

(ग) प्रयोग भएको प्लाष्टिक झोलालाई जहाँबाट खरिद गरी ल्याइएको हो त्यहाँ नै फर्काउन प्रोत्साहित गर्ने ।

(घ) "५-आर" को कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम गर्ने साथै सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्ने ।

(ङ) प्लाष्टिक झोला भन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प पनि खोज्ने र क्रमिक रुपमा प्लाष्टिक झोला विस्थापित गर्दै जाने नीति अवलम्वन गर्ने ।

(च) यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने ।

(छ) केन्द्रीय अनुगमन समितिले गरेको सिफारिस समेतको आधारमा ऐनको दफा १८(२) बमोजिम सजाय गर्ने ।

**१२. केन्द्रीय अनुगमन समिति** : यस निर्देशिका बमोजिमको प्लाष्टिक झोलाको नियमन तथा नियन्त्रण सम्बन्धी काम प्रभावकारी

ढंगले संचालन गर्न मन्त्रालयमा देहायबमोजिमको केन्द्रीय अनुगमन समिति रहनेछ :-

(क) वातावरण महाशाखा प्रमुख, वातावरण मन्त्रालय - संयोजक
(ख) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय - सदस्य
(ग) प्रतिनिधि, उद्योग मन्त्रालय - सदस्य
(घ) प्रतिनिधि, फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र - सदस्य
(ङ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) - सदस्य
(च) प्रतिनिधि, नेपाल प्लाष्टिक उत्पादक संघ -सदस्य
(छ) कम्तीमा एकजना महिला रहने गरी मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका विज्ञ तीनजना - सदस्य
(ज) शाखा प्रमुख, प्रदूषण नियन्त्रण तथा अनुगमन शाखा, वातावरण मन्त्रालय - सदस्य सचिव

१३. **केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस निर्देशिका बमोजिमको मोटाइ, साइज, रंग अनुरुपका प्लाष्टिक झोलाको उत्पादन, भण्डारण, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

(ख) यस निर्देशिका विपरीतको मोटाइ, साइज, रंग अनुरुपका प्लाष्टिक झोला उत्पादन, संकलन, बिक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने ।

(ग) प्लाष्टिक झोलाको उत्पादन, भण्डारण वा बिक्री वितरण र प्रयोग गर्न कम गर्ने किसिमका जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(घ) जिल्ला स्तरीय समितिबाट प्राप्त सजायको सिफारिसलाई पुनरावलोकन गरी सजायको लागि मन्त्रालयमा पठाउने ।

(ङ) "५-आर" कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्थाको लागि सिफारिस गर्ने ।

(च) प्लाष्टिक झोलाको व्यवस्थापनमा मन्त्रालयले तोकिदिए बमोजिमको अन्य काम गर्ने ।

(छ) काठमाण्डौ उपत्यकाको हकमा जिल्ला अनुगमन समितिले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

**१४. <u>जिल्ला अनुगमन समिति</u>** : प्लाष्टिक झोलाको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला अनुगमन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) प्रतिनिधि, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समिति - सदस्य

(ग) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ - सदस्य

(घ योजना अनुगमन तथा प्रशासकीय अधिकृत, सम्बन्धित जि.वि.स. - सदस्य सचिव

साथै, आवश्यकता अनुसार संयोजकले वाणिज्य कार्यालय, गुणस्तर तथा नापतौल कार्यालय, नगरपालिका तथा विज्ञहरु मध्येबाट बढीमा ३ जनालाई सदस्य तोक्न सक्नेछन् ।

**१५. <u>जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>** : जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आफ्नो जिल्ला भित्र २० माइक्रोनभन्दा कम मोटाइको प्लाष्टिक झोलाको उत्पादन, भण्डारण, बिक्री, वितरण वा प्रयोग भए वा नभएको अनुगमन गर्ने ।

(ख) यस निर्देशिका विपरीत मोटाइ, साइज, रंग अनुरुपका प्लाष्टिक झोला उत्पादन, संकलन, बिक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने ।

(ग) खण्ड (ख) बमोजिम जफत भएका प्लाष्टिक झोलाको मुचुल्का बनाई वातवरणमैत्री हुने गरी उपलब्ध प्रविधि अनुरुप नष्ट गरी

अन्य प्लाष्टिक वस्तु उत्पादन गर्ने उद्योगलाई डाक बढाबढबाट बिक्री गर्ने/गराउने ।

(घ) जफत भएका प्लाष्टिक झोला नष्ट गर्दा लाग्ने खर्चमा २५ प्रतिशत थप गरी हुन आउने रकम कसुरदारबाट असुल उपर गर्ने ।

(ङ) कसुरको मात्रा हेरी सजायको लागि केन्द्रीय अनुगमन समितिमा पठाउने ।

(च) प्लाष्टिक झोलाको उत्पादन, आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग, नियमन तथा व्यवस्थापनसंग सम्बन्धित जनचेतनामूलक काम गर्ने/गराउने ।

(छ) केन्द्रीय अनुगमन समिति तथा मन्त्रालयले दिएको निर्देशन पालन गर्ने ।

**१६. कसूर** : यस निर्देशिका विपरीतको मोटाइ, गुणस्तर वा साइजको प्लाष्टिकको झोलाको उत्पादन, भण्डारण, बिक्री वितरण वा प्रयोग गरेमा यस निर्देशिकाको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

**१७. दण्ड सजाय** : (१) यस निर्देशिका विपरीत काम गर्ने उत्पादक तथा आयातकर्तालाई कसूरको मात्रा हेरी वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ (२) बमोजिम मन्त्रालयले सजाय गर्न सक्नेछ ।

(२) तोकिएका शर्त बन्देजहरुको उलंघन गर्ने कारोवारवालाहरुको अनुमति वा दर्ता खारेजी तथा कारोवार बन्द मन्त्रालयले गर्न सक्नेछ ।

**१८. पुनरावेदन**: दफा १७ बमोजिम गरेको निर्णय वा दिएको आदेश चित्त नबुझ्नेले सो निर्णय वा आदेश भएको मितिले पैतीस दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**१९. विविध :** (१) यस निर्देशिकाको पालना गर्नु/गराउनु प्रत्येक गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाको समेत

कर्तव्य हुनेछ । आफ्नो क्षेत्राधिकारभित्र सम्बन्धित स्थानीय निकायले जनस्वास्थ्य र वातावरण संरक्षण गर्ने हेतुले यस निर्देशिकामा व्यवस्था भएका प्रावधानका अतिरिक्त अन्य थप व्यवस्था गर्न सक्नेछन्, तर उक्त प्रावधानहरु वातावरण संरक्षण ऐनले निर्दिष्ट गरेका प्रावधानहरुको प्रतिकूल हुनेछैनन् ।

(२) केन्द्रीय तथा जिल्ला अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।

(३) जिल्ला अनुगमन समितिसंग समन्वय गरी गाउँ विकास समिति/नगरपालिका स्तरमा पनि अनुगमन समिति बनाउन सकिनेछ ।

## अनूसूची १: प्लाष्टिक झोलाको लागि चाहिने कच्चा पदार्थ

क) यस्ता प्लाष्टिक झोला बनाउन मुख्य कच्चापदार्थको रुपमा उच्च आणविक उच्च घनत्व भएको पोलिथिन (High Molecular High Density Polyethyene, HM-HDPE) (Film grade) ग्रयानुल्स प्रयोग गरिन्छ ।

ख) पोलिथिनका ग्रयानुल्समा विभिन्न किसिमका Master Batch हरु थप्न सकिनेछ, जसले निश्चित रङ्गका पोलिथिन झोला उत्पादन गर्न सहयोग पुऱ्याउँछन् ।

ग) पोलिथिनलाई अपारदर्शी (Opaque) बनाउन टिटानियम डाइ-अक्साइड ($TiO_2$) प्रयोग गर्न सकिनेछ ।

घ) चुनढुङ्गा (Calcium Carbonate) मा आधारित केही Filler हरु पनि थप्न सकिन्छ । साथै Master Batch र Filler पनि संगसंगै प्रयोग गर्न सकिन्छ ।

ङ) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तु प्रयोगको लागि खाद्य स्तरको भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin food grade Plastic Granules) मात्र प्रयोग गर्ने र अन्य अखाद्य पदार्थ ओसार पसारको लागि प्रयोग गर्न भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin Plastic Granules) प्रयोग गर्ने ।

## अनूसूची २ : उच्च आणविक -उच्च घनत्व भएको पोलिथिन ग्रयानुल्स कच्चा पदार्थका गुणहरु

क) Melt Flow Index at 21.6 kg, 190˚C=6-8g/10 min

ख) Density = 0.948-0.955 g/$cm^3$

ग) Vicat Softening point=125-130˚C

घ) Melting Temperature =130-133˚C

## अनूसूची ३: " ५-आर " को परिभाषा

| | |
|---|---|
| पहिलो आर- | खपत तथा खेर जाने झोलाको परिमाण घटाउने ( Reduction) |
| दोस्रो आर- | प्रयोगकर्ताले नै खेर जान लागेका झोलालाई पुनः प्रयोगमा ल्याउने (Reuse) |
| तेस्रो आर- | प्लाष्टिक झोलाको प्रयोगलाई वातावरणमैत्री विकल्पले विस्थापित गर्ने (Replace) |
| चौथो आर- | खेर गएका प्लाष्टिकहरुलाई उपयोगी सामग्रीहरु बनाउनको लागि पुनः प्रशोधन गर्ने (Recycle) र |
| पाँचौ आर- | पुनः प्रयोगमा आउन नसक्ने गरी खेर गएका प्लाष्टिकबाट उर्जा उत्पादन गर्ने (Recover) । |

## अनूसूची ४ : प्लाष्टिक झोलाको साइज र मोटाई (माइक्रोनमा) देहाय अनुसार हुनेछ ।

सामान्यतया साइज तथा मोटाइका आधारमा देहायका विभिन्न प्रकारका झोलाहरु उत्पादन गर्नु पर्नेछ :

| क्र. सं. | प्रकार | साइज (इन्च × इन्च) | न्यूनतम मोटाइ (माइक्रोन) |
|---|---|---|---|
| १ | सानो (Small) | ७×१४ | २० |
| २ | मध्यम (Medium) | ९ ×१६ | २० |
| ३ | ठूलो (Large) | १२ ×२० | २५ |
| ४ | झन् ठूलो (Extra large) | १२ ×२३ | २५ |
| ५ | जम्बो (Jumbo) | १४ ×२८ | ३० |
| ६ | सुपर जम्बो (Super Jumbo) | १६ ×३२ | ३० |
| ७ | अति सुपर जम्बो (Extra super Jumbo) | २० ×३५ | ४० |
| ८ | समय-समयमा मन्त्रालयले तोकिदिएका अन्य साइजहरु | | |

## *अनूसूची ५ : पुनः प्रशोधन (Recycle) को लोगो /चित्र*
## *(Pictorial depiction)*

